# मुगुम कार्मरोंग गाउँपालिका को दोश्रो गाउँसभामा प्रस्तुत आर्थिक वर्ष २०७५/०७६ को लागी प्रस्तावित नीति बजेट तथा कार्यक्रम र आयव्यय

वर्षौ सम्मको स्थानीय निकायहरुको रिक्तता पश्चात देशमा स्थानीयतह हरुको निर्वाचन मार्फत स्थानीय तहमा जनप्रतिनिधि हरुको बहाली भयको १ बर्ष पुरा भैसकेको छ | यस दोश्रो गाउँसभाका का प्रमुख अथिति ज्यु , उपाध्यक्ष श्रीमति छिरिंग तामांग ज्यु लगायत सम्पूर्ण गाउँसभाका सदस्यहरु, कर्मचारीहरु र उपस्थित महानुभावहरु लाइ हार्दिक स्वागत ब्यक्त गर्न चाहान्छु |

हाम्रो गाउँपालिका मुगुजिल्लाको सदरमुकाम गमगढी देखि करिब ३७ किलोमिटर टाढा भौगोलीक रुपमा बिकट तर जैविक, धार्मिक, प्राकृतिक, र सांस्कृतिक विविधताले भरिपुर्ण छ | विषम भौगोलिक परिस्थितिहरुका बीचमा हामी गाउँपालिकाको सर्वांगीण विकासको लागि गत साल देखि नै निरन्तर लागिरहेका छौं | यसै बीच यस सुन्दर गाउँपालिका को अध्यक्षको हैसियतले यस दोश्रो गाउँसभा समक्ष गाउँकार्यपालिका बाट स्वीकृत नीति, बजेट तथा कार्यक्रम र आयब्यय प्रस्तुत गर्न पाउँदा गौरवान्वित महसुस गरिरहेको छु | यो महत्वपूर्ण जिम्मेवारी निर्वाह को अबसर दिनुहुने मुगुम कार्मरोंगगाउँ पालिका बासी सम्पूर्ण जनासमुदाय प्रति हार्दिक कृतज्ञता ब्यक्त गर्न चाहन्छु |

गाउँपालिकाबासि को समृदि ऊन्नती लाइ केन्द्रबिन्दुमा राखेर बजेट नीति तथा कार्यक्रम र आयव्यय तर्जुमा सबै वडा अध्यक्षज्यु हरु को नेतृत्वमा तत्तत् वडाका सम्पूर्ण गाउँवासीहरु को संलग्नता र सहभागितामा छलफल, अन्तरकृया मार्फत गरियको हुँदा एसले सम्पूर्ण गाउँवासी का आवश्यकता हरु लाइ सम्बोधन गर्नेछ भन्ने मा विश्वस्त छु |

उत्तरतर्फ चिन संग सिमाना जोडीयको हाम्रो गाउँपालिकाको समृदी प्रस्तावित गमगढी नाक्चेलाक्ना रास्ट्रिय राजमार्गको येथासिघ्र निर्माणसंग मात्र जोडिएको छैन, यार्शागुम्बा लगाएतका कैयौं बहुमुल्य जडीबुटीहरु को बैज्ञानिक प्रसोधन केन्द्र को स्थापना, आधुनिक र बैज्ञानिक शिक्षा प्रणाली, प्रशिद् छायानाथ धामको प्रवर्दन, अबस्थित तामाखानीको उत्खनन, लगाएत विभिन्न आधुनिक यडभन्चरस पर्यटकीय गन्तब्य हरुको बिकास र प्रवर्धन आदि संग पनि जोडिएको छ | तसर्थ गाउँपालिका यी लगाएत केहि दिर्घकालिन तथा अल्पकालीन योजना हरुलाइ येथासिघ्र पुरागर्न महत्वकांक्षाका साथ अघि बढिरहेको छ |

आज को विशेसदिनमा मलाइ हाम्रोगाउँ पालिका भित्रको शिक्षा, स्वास्थ, खानेपानि र सडकको गुणस्तरको स्थिति, इन्टरनेट, कैयौं वडा लगायेत गाउँपालिका स्वयम कै कार्यालय निर्माण भैनसकेको अवस्था, खेलमैदान, पुस्तकालय जस्ता केहि अत्यावश्यक संरचना र केहि अत्यावश्यक ऐन कानुन बिना नै कामगर्नुपरेको एथार्थ सुनाउनु पर्दा दुख लागेको छ| तर यो स्थिति बाट गाउँपालिकालाइ छिटोभन्दा छिटो मुक्तगर्ने दिशामा हामी सबै उच्च इच्छाशक्तिका साथ लागिरहेका छौं |

**गाउँसभा का सदस्य ज्यु हरु ,**

अव म आ.व. २०७५/०७६ को लागि गाउँपालिका ले लिने नीति तथा कार्यक्रम हरु प्रस्तुत गर्न चाहान्छु |

**आ.व ०७५/७६ को लागि प्रस्तावित नीति तथा कार्यक्रमहरु :**

**दिर्घकालिन सोच :- "बहुमूल्य जडीबुटी, अर्गानिक खेति, तामाखानी, छायाँक्षेत्र, पर्यटन पूर्वाधार समृद् समुन्नत मुगुम कार्मरोंग को आधार"**

**लक्ष्य :- विषम भौगोलिक विकटता होइन बिराट सम्भावना को गाउँपालिका बनाउने |**

**उदेश्य :- प्रभावकारी सेवा प्रवाह, आर्थिक र शैक्षिक समुन्नती र स्थानीय सुशासन नै हाम्रो उदेश्य|**

**प्राथमिकता क्षेत्र :-**

- ✓ भौतिक पूर्वाधार विकाश, सार्वजनिक सम्पति उचित सम्रक्षण, उपयोग र प्रवर्धन
- ✓ विपत् ब्यबस्थापन तथा वाताबरण
- ✓ शिक्षा, स्वास्थ, पर्यटन र कृषि
- ✓ सामाजिक विकास, युवा तथा खेलकुद
- ✓ सुशासन्  तथा सेवा प्रवाह
- ✓ राजस्व तथा वित्तीय ब्यबस्थापन

**भौतिक पूर्वाधार विकाश, सार्वजनिक सम्पति सम्रक्षण यबम उपयोग तर्फ**

- ✓ मुगुम कार्मारोंग गाउँपालिका भित्रका विपन्न, दलित, जनजाति तथा पिछडियका समुदायहरुको सघन बसोबास भयका वडामा आ.व ०७५/७६ देखि **'गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम'** संचालन गरि कम्तिमा ४०० जना विपन्न परिवारका सदस्यहरुलाई सार्वजानिक निर्माण कार्य मार्फत न्युनतम ६० दिन बराबरको रोजगारी सुनिस्चितता गरिनेछ | जसका लागि गाउँपालिकाले कुल बजेट रु. १ करोड ५ लाख २० हजार लाग्ने अनुमान गरेको छ | जस मध्ये गाउँपालिकाले समानीकरण अनुदानबाट रु ६६ लाख

विनियोजन गरेको छ भने बाँकी ३९ लाख मध्य २९ लाख संघीय सरकार र १० लाख प्रदेश सरकार संग म्याचिंग कोषको लागि प्रस्ताब गरिनेछ |

- ✓ रोजगार कार्यक्रम संचालनका लागि स्थानीय निकाय संचालन ऐन २०७४ को परिधि भित्र रही गाउँपालिकाले 'गाउँपालिका अध्यक्ष रोजगार कार्यक्रम' संचालन कार्यविधि तथा निर्देशिका २०७५ तयार गरि कार्यक्रम संचालन गर्नेछ | कार्यक्रम संचालनमा सहजताका लागि अक्सफोर्ड पोलिसी म्यानेजमेन्ट यसिया संग अनुरोध गरिनेछ |
- ✓ गाउँपालिका, तथा वडा कार्यालय हरु को भवन निर्माण
- ✓ साना तथा लघु जल विधुत उत्पादन

**बिपत व्यवस्थापन तथा वाताबरण तर्फ**

- ✓ विभिन्न जोखिमपूर्ण ठाउँहरु मा तटबन्धन निर्माण
- ✓ पहिरो को सम्भावना भएका विभिन्न ठाउँ हरु मा ब्रुक्षारोपण
- ✓ विपत ब्यबस्थापन कोष स्थापना

**शिक्षा तर्फ**

- ✓ गाउँपालिका भित्रका बिधालयहरु को गुणस्तरको स्थर-उन्नति को लागि बिशेस पहल गर्ने|
- ✓ स्थानीय शिक्षा नियेमावाली २०७५ पारितगरि शिक्षाक्षेत्र भित्र मौलाएको व्यापक बिकृति लाइ नियेंत्रण गर्ने |

**स्वाथ्य तर्फ**

- ✓ रिउस बगरमा बन्दै गरेको अस्पतालको निर्माण कार्य येथासिघ्र सम्पन्न गर्ने |
- ✓ गाउँपालिका क्षेत्रमा पाइने विभिन्न बहुमुल्य जडिबुटी हरुको लागि गाउँ पालिका भित्र नै प्रसोधन केन्द्र बनाउन को लागि पहल गर्ने |
- ✓ गाउँपालिका भित्रका प्रतेक वडा स्वास्थ चौकी हरुमा नेपाल सरकार ले सुचिकृत गरेका अत्याबशेक औषधि हरु को सहज उपलब्धता को सुनिस्चितता गर्ने |
- ✓ स्वास्थ विमा को लागि अरु सरोकारवाला संघ संस्थाहरु संग सहकार्य गरि एसको व्यापक प्रचार प्रसार गर्ने |

**पर्यटन**

- ✓ गाउँपालिका मा अबस्थित प्रषिद छायानाथ धाम को प्रवर्धन गर्ने |
- ✓ गाउँपालिका भित्र उपयुक्त ट्रेकिंग मार्ग को पहिचान गर्ने, साथै कर्णालीमा र्याफ्टिंग, कायाकिंग, बन्जीजम्पिंग, रक च्लैम्बिंग जस्ता आधुनिक येड्भनचरस क्रियाकलाप हरुको व्यापक प्रवर्धन को लागि अरु सरोकारवाला निकाए संग समन्वय गरि पहल गर्ने |
- ✓ सुविदायुक्त होटेल हरु संचालन को तत्काल सम्भावना नभएको ले, गाउँवासी लाइ होमस्टे सम्म्बधि तालिम दिइ, व्यक्तिगत र सामुदाइक होमस्टे संचालन को लागि सहयोग गर्ने |

**कृषि**

- ✓ ब्यबसाहिक रुपमा चौंरी तथा खच्चड पालन को लागि लक्षित कार्यक्रम हरु को ब्यबस्था |
- ✓ आफु, चुली, स्याउ खेति लगाएत अन्य सम्भावित ब्यबसाहिक खेति को लागि लक्षित कार्यक्रम हरु को ब्यबस्था |
- ✓ विभिन्न संघ संस्था हरु संग समन्वय गरि पशु विमा कार्यक्रम लागु गर्न आवश्यक पहल गर्ने |
- ✓ ब्यबसाहिक रुपमा उपयुक्त तरकारी तथा अन्य खेति को लागि अनुदान तथा प्रवर्दन को ब्यबस्था गर्ने |

**सामाजिक विकाश तर्फ**

- ✓ महिला, बालबालिका, अपांग, दलित, र जनजाति तथा सामाजिक र आर्थिक रुपले विपन्न, कम्जोर समुदायका लागि जिबनस्तर सुधार सम्बन्धि विभिन्न कार्यक्रम संचालन गर्ने |
- ✓ गाउँपालिका भित्र को कला, संस्कृति संरक्षण मा सहयोग गर्ने |
- ✓ बालमैत्री स्थानिय सासन संचालन सम्बन्धि कार्येक्रम हरु तैयार गरि अगाडी बढाइने |
- ✓ सबै सार्वजनिक संरचना निर्माण गर्दा बाल, अपाङ्ग र ब्रुद मैत्री बनाइनु पर्ने नीति लागु गर्न तत्काल पहल गर्ने |
- ✓ लक्षित वर्गहरु को क्षमता विकाश का लागि शशक्तिकरण र आय-आर्जन संग सम्बन्धित विभिन्न सिपमुलक कार्यक्रम हरु संचालन गर्ने |

**युवा तथा खेलकुद**

- ✓ गाउँपालिका भित्र का सबै युवा जनसक्ति लाइ तेही बसी योगदान गर्नसक्ने वातावरण तयार गर्ने विभिन्न रोजगारी मुलक तालिम को पहल गर्ने |
- ✓ गाउँपालिका अध्यक्ष रनिंग शिल्ड कार्यक्रम अन्तर्गत, क्षेत्र मा विभिन्न युवा/बालबालिका लक्षित कार्यक्रम हरु संचालन गरिने छ |

**सुशासन तथा सेवा प्रवाह**

- ✓ कार्यालय ब्यबस्थापन र सेवा प्रवाहलाइ प्रभावकारी बनाइने छ |
- ✓ कार्यालय अन्तर्गत आन्तरिक राजस्व ब्रुदी यबम प्रशासनिक खर्च लाइ मिताब्याइ बनाउन प्रयास गर्ने |
- ✓ स्थानीयस्तर मा शान्ति सुरक्षा कायम गर्न एबम सामाजिक बिकृति विसंगति हरुलाइ रोक्न, आवस्यकता अनुसार प्रहरी चौकी पुलु संग समन्वय गरिने छ|
- ✓ गाउपालिका को नागरिकवडा पत्र यथाशिघ्र तैयार गरिने छ |
- ✓ गाउँपालिकाको आय र व्यय लाइ अझ पारदर्शी बनाइने छ |
- ✓ गाउँपालिका भित्र संचालित सम्पूर्ण कार्यक्रम हरु को नियेमित अनुगमन, समिक्षा, समन्वय बैठक, सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, आदि मार्फत सुशासन मा जोड दिएने छ |

**राजस्व तथा वित्तीय ब्यबस्था**

- ✓ नेपालको संविधान २०७२ बमोजिम स्थानीय तहले लगाउन सक्ने करका अधिकार हरु लाइ प्रयोग गरि गाउँपालिका मा उपयुक्त कर का दर हरु निर्धारण गरि लागु गरिनेछन |
- ✓ स्थानीयवासी लाई कर सम्बन्धि विभिन्न चेतनामुलक कार्यक्रम हरु संचालन गरिनेछन |

अन्त्यमा,

लामो समयको राजनैतिक अस्थिरता र करिब २० वर्ष पछि मात्र नयाँ संरचना अनुशार भएको श्थानिय निकायको निर्वाचन ले हामीमा सम्रुदि को नया आशा पलाएको छ | आफ्नो गाउँ आफै बनाउने आशयसहित जनसहभागिता सहितको विकाश को अबधारणा लाइ हाम्रो गाउँपालिका ले अबलम्बन गरेको छ | नया संरचना अनुरुप कतिपय ठाउँ मा कर्मचारी हरु को अपुग, हाम्रो विषम भौगोलीक अवस्थिति अनि केहि कानुनि अन्योलताका कारण ले गर्दा निर्वाचन को १ वर्ष पुरा भैसक्दा पनि सोचेअनुसार को सेवाप्रवाह गर्न सकिरहेका छैनौ | तर हाम्रो सम्रुदी को सपना हाम्रो कामगर्ने द्रूढ इच्छा शक्ति, इमान्दारिता र पारदर्शिता ले निर्धारण गर्ने भएको ले, हामी आउदा दिनमा आ-आफ्नो जिम्मेवारी इमान्दारीपुर्वक निर्वाह गर्ने छौ भन्ने यहाँ हरु लाइ विस्वास दिलाउन चाहन्छौ |

यस बजेट तर्जुमा प्रकृयामा आ-आफ्नो भूमिका लाइ सफलतापुर्वक निर्वाहगर्दै, अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरु र जनप्रतिनिधिहरु लाइ मा हुृदय देखि नै धन्यवाद दिन चाहन्छु र गाउँसभामा पेश हुनगैरहेको अर्थ सम्बन्धि विधेयेक र विनियोजन विधेयेक को छलफल मा सक्रिय रुपमा सहभागी भै यो गाउँपालिका को सम्रुधि र उन्नति मा सबैको महत्वपूर्ण योगदान रहोस भन्ने कामना गर्दछु | धन्यबाद

छिरिंग क्याप्ने लामा

अध्यक्ष